नेपाल सरकार

# मा.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको
# स्वकीय सचिवालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:

च.नं.:

## प्रेस विज्ञप्ती

नेपाल बाहिर बस्दै आएका एक शुभेच्छुकले माननीय संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेज्यूसंग भएको पुरानो भिडियो संवाद तोडमोड गरेर सार्वजनिक गरेको विषयमा हाम्रो ध्यानाकर्षण भएको छ ।

गत सातामात्रै यस्तो भिडियो सार्वजनिक गर्ने धम्कीको सूचना सचिवालयमा कर्णालीका एक जना माननीयमार्फत आइसकेको थियो । हामी सचेत थियौं । नक्सालको एक होटलबाट पनि हामीले सावधानीको खबर पाएका थियौं ।

वन मन्त्रालयको जिम्मेवारीमा रहदै देखी माननीय मन्त्रीज्यूसंग फेसबुकको माध्यमबाट सर्म्पकमा रहेका ती शुभेच्छुक आफुलाई एमालेको सच्चा कार्यकर्ता भन्थे । मन्त्रीको काम कारवाहीको विषयमा सामाजिक संजालमा पहिले पहिले सकारात्मक अभिव्यक्ति दिइरहन्थे ।

तर, पूर्ववर्ती सरकार विरुद्ध गठबन्धन बनेपछी तीनले हरेक दिन, हरेक समाचार, हरेक स्टाटसमा नकारात्मक कमेन्ट गर्ने, टिकटकमा अश्लिल गाली गलौज गर्ने, शिर्ष नेताहरुको नाम जोडेर गाली गर्ने, मेयर, महिला नेतृलाई अपमान गर्ने लगायतका अशोभनीय हर्कत गर्दै आइरहेका थिए ।

सोमबार मात्रै पशुपती क्षेत्र निर्वाचन क्षेत्रसंग जोडिएका नेपाली कांग्रेसका एक नेतासंग पशुपती विकास कोषको बैठकको समाचार सार्वजनिक भएपछी उनले ती नेताको मानमर्दन गर्दै स्टाटस पनि लेखेका थिए । यो क्रम लामै समयदेखी चलिरहेको थियो । उनी कहिल्यै आर्थिक सहयोग गर्नुपर्‍यो भन्दै बार्गेनिङ्ग गर्थे ।

कहिले तपाई सेलिब्रेटी बन्नु भयो, सहयोग गर्नुहोस तपाईलाई भाइरल बनाउछु भन्थे । कहिले तपाईले भने अनुसार गर्नु भएन भने मन्त्रीबाट म हटाउन सक्छु भन्थे । प्रायः व्यवधान खडा गरीरहने स्वभावका तीनले माननिय मन्त्री ज्यूले दल त्यागेपछी सधै जसो भिंजो गरीरहन्थे ।

बाल्यकाल भारतमै बिताएका, त्यतै लेखपढ गरेका र अधिकाशं सुदुरपश्चिमका नागरिक त्यतै रहने भएकाले माननिय मन्त्री ज्यूले त्यहा रहेका प्रवासी समुदायसंग सर्म्पक टुटाउनु भएको थिएन/छैन । अहिले पनि थुप्रै प्रवासी नेपालीहरुसंग संवाद भइरहन्छ । हालै भारतमा पुगेर बैंङलोर र मुम्बईको उडान सुचारु गराउन पनि अत्याधिक दबाब प्रवासीहरुबाट पनि

फोन नं.: +९७७-१-४२११६०७ (कार्यालय), फ्याक्स : +९७७-१-४२११९९२, इमेल: info@tourism.gov.np वेबसाईट: www.moctca.gov.np

नेपाल सरकार
मा.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको
स्वकीय सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.:

आएपछी उहाले भारतीय समकक्षीसंग अनौपचारिक कुरा गरेर रोकिएको उडान सुचारु गराउने निर्णय गराउनु भयो ।

यसै सिलसिलामा तोडमोड, काटछाट गरेर एउटा भिडियो क्लिप सार्वजनिक गरेको देखियो । यसबारे छानविन गर्न प्रहरी प्रशासनलाई हामी अनुरोध गर्दछौं । हामीले कानुनी परामर्श थालिसकेका छौं । र, आम जनसमुदायले ती नागरिकको टिकटक र फेसबुक पेज हेर्नु भएमा त्यहा सबै र्छलङ्ग हुने नै छ ।

पर्यटन मन्त्रीका पछिल्ला लोकप्रिय काम कारवाहीमा कसरी अवरोध ल्याउन सकिन्छ भनेर एउटा गिरोह सक्रिय छ । मन्त्रालयमा पनि केही अपरिचित शंकास्पद व्यक्तिलाई सचिवालयका कर्मचारी र शुरक्षाकर्मीले निगरानी गरेका थिए । त्यस्ता व्यक्तिहरु मन्त्रीलाई पछयाइरहेका देखिन्थे । अनुमती नलिई भिडियो रेकर्ड गर्थे । थुप्रैलाई हामीले सचिवालयबाट निकाल्नु परेका घटना नभएका पनि होइनन ।

यो घटनाले हामीलाई दुखी तुल्याएको छ । जनताको साथ, स्नेह, सुझाव र जुझारु कर्मचारीहरुको टिमको प्रेरणाले हामी निरन्तर जनताको सेवा र मुलुकको हितमा लागिरहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

हेमन्त रेग्मी
स्वकीय सचिव

फोन नं.: +९७७-१-४२११६०७ (कार्यालय), फ्याक्स : +९७७-१-४२११९९२, इमेलः info@tourism.gov.np वेबसाईटः www.moctca.gov.np